# कार्यसम्पादन सम्झौता सम्वन्धि प्रेश विज्ञप्ति (२०७२।७।२ गते सोमवार)

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव र जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौं, भक्तपुर, वारा र प्यूठानका स्थानीय विकास अधिकारीका वीचमा मिति २०७२ कार्तिक २ गते सोमवार कार्यसम्पादन सम्झौता सम्पन्न भयो । जिल्ला विकास समितिको कार्यालय, महोत्तरी र मुगुका स्थानीय विकास अधिकारीसँग मन्त्रालयले मिति २०७२ असौज २८ गते कार्यसम्पादन सम्झौता सम्पन्न गरेको थियो । मन्त्रालयले सबै (७५) जिल्ला विकास समितिका स्थानीय विकास अधिकारीहरुसँग कार्यसम्पादन सम्झौता सम्पन्न गरेको छ । यस अघि नै कार्यसम्पादन संझौता सम्पन्न गरेको काठमाण्डौ र भक्तपुर जिल्लामा नेपाल सरकारको निर्णयबाट जिल्लाका सबै गाविस नगरपालिकामा परिवर्तन भएकोले उक्त दुई जिल्लाको कार्यसम्पादन मापनको सूचकहरुमा केही परिवर्तन गर्नु परेकोले पुनः कार्यसम्पादन सम्झौता गरिएको छ ।

जिल्ला विकास समितिलाई जिल्लाको समग्र विकासमा प्रभावकारी ढंगवाट नेतृत्व लिन सक्ने बनाउन, स्थानीय निकायको सापेक्ष रुपमा क्षमता विकास गरी समन्वयात्मक तवरवाट जिल्लाको विकास प्रयासलाई अघि बढाउन, स्थानीय निकायको भूमिका परिणाममुखी बनाउन र समग्र जिल्लाको विकास प्रयासमा जिल्ला विकास समितिले नगरपालिका र गाँउ विकास समितिकोश्रोत साधन समेत परिचालन गरी अग्रणी भूमिका निर्वाह गर्न सकुन भन्ने उद्देश्य राखी यस प्रकारको संझौता गरिएको छ ।

कार्य सम्पादन सम्झौता गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास सचिव श्री माधव प्रसाद रेग्मीले कार्यसम्पादन सम्झौतामा उल्लेख भएका सूचकहरुको पूर्ण रुपमा पालना गरी विगतमा भन्दा राम्रो सुधार गरी शतप्रतिशत नतिजा हासिल गर्न सक्ने गरी कार्य गर्न उक्त अवसरमा उपस्थित स्थानीय विकास अधिकारीहरुलाई निर्देशन दिनु भयो । कार्यसम्पादन सम्झौता अव सबै जिविसहरुसँग सम्पन्न भएको सन्दर्भमा यसैको आधारमा स्थानीय निकाय र स्थानीय विकास अधिकारीहरुको मूल्यांकन गर्ने गराउने पद्धतिको विकास मन्त्रालयले कडाइकासाथ पालना गर्ने वताउनु भयो ।

आसन्न चाड बडा दशमी, दिपावली, छठ, लोसार, उभौली उधौली लगायत पर्वको अवसरका लागि मन्त्रालयका प्रवक्ता तथा सहसचिव श्री पूर्णचन्द्र भट्टराईले स्वागत शुभकामना सन्देश दिनु भयो भने सचिव श्री माधव प्रसाद रेग्मीले सबै कर्मचारीहरुलाई आसन्न सबै पर्वहरुका लागि सुख, शान्ति, दीर्घायु र सफलताका लागि शुभकामना दिनु भयो ।

०७२।७।२

पूर्णचन्द्र भट्टराई
प्रवक्ता/सह सचिव
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।
मिति: २०७२।७।२